# स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८

निर्वाचन आयोगबाट स्वीकृत मिति

२०७८/१२/१९

प्रस्तावनाः स्थानीय तह निर्वाचनमा हुने मतदान सम्बन्धी कानूनी तथा कार्यविधिगत व्यवस्थालाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा ७१ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाएको छ ।

परिच्छेद-१

## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस निर्देशिकाको नाम "स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७८" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "आयुक्त" भन्नाले आयोगको प्रमुख निर्वाचन आयुक्त वा निर्वाचन आयुक्त सम्झनु पर्छ ।

(ख) "आयोग" भन्नाले नेपालको संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(ग) "उम्मेदवार" भन्नाले स्थानीय तहको कुनै पदमा ऐनको दफा १७ बमोजिम मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ ।

(घ) "ऐन" भन्नाले स्थानीय तह निर्वाचन ऐन, २०७३ सम्झनु पर्छ ।

(ङ) "कर्मचारी" भन्नाले मतदान केन्द्रमा खटिने कर्मचारी सम्झनु पर्छ ।

(च) "नियमावली" भन्नाले स्थानीय तह निर्वाचन नियमावली, २०७३ सम्झनु पर्छ ।

(छ) "निर्वाचन अधिकृत" भन्नाले ऐनको दफा ७ बमोजिम आयोगबाट नियुक्त भएको मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ज) "निर्वाचन आचारसंहिता" भन्नाले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम आयोगले बनाएको निर्वाचन आचारसंहिता सम्झनु पर्छ ।

(झ) "निर्वाचन कार्यालय" भन्नाले प्रदेश निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

निर्वाचन आयोग, नेपाल

(ञ) “निर्वाचन प्रतिनिधि” भन्नाले उम्मेदवारले निर्वाचन प्रयोजनका लागि आफ्नो तर्फबाट गर्नुपर्ने काम गर्न नियमावलीको नियम ३४ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(ट) “निविदा मतपत्र” भन्नाले दफा ५३ बमोजिमको निविदा मतपत्र सम्झनु पर्छ ।

(ठ) “पर्यवेक्षक” भन्नाले आयोगबाट पर्यवेक्षणका लागि अनुमति प्राप्त व्यक्ति सम्झनु पर्छ र सो शब्दले पर्यवेक्षण संस्थाबाट पर्यवेक्षण गर्न खटिएको व्यक्तिलाई समेत जनाउँछ ।

(ड) “पोलबुक” भन्नाले मतदान अधिकृतले मतदानको सम्बन्धमा मुख्य मुख्य घटनाको विवरण टिपोट गर्न आयोगले उपलब्ध गराएको पोलबुक (मतदान पुस्तिका) सम्झनु पर्छ ।

(ढ) “मतदाता” भन्नाले स्थानीय तह निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भएको व्यक्ति सम्झनु पर्छ ।

(ण) “मतदाता परिचयपत्र” भन्नाले मतदान गर्ने प्रयोजनका लागि मतदातालाई आयोगले उपलब्ध गराएको फोटो सहितको मतदाता परिचयपत्र सम्झनु पर्छ ।

(त) “मतदान अधिकृत” भन्नाले ऐनको दफा ११ बमोजिम नियुक्त भएको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउँछ ।

(थ) “मतदान कक्ष” भन्नाले मतदान केन्द्रमा मत सङ्केत गर्नको लागि छेकाबारा लगाएको गोप्य स्थान सम्झनु पर्छ ।

(द) “मतदान केन्द्र” भन्नाले निर्वाचनमा मतदान गर्ने प्रयोजनका लागि आयोगले ऐनको दफा २९ बमोजिम तोकेको मतदान केन्द्र सम्झनु पर्छ ।

(ध) “मतदान प्रतिनिधि” भन्नाले उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान केन्द्रमा प्रतिनिधित्व गर्नको लागि नियमावलीको नियम ३५ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(न) “मतदानस्थल” भन्नाले ऐनको दफा २९ बमोजिम मतदान केन्द्र तोकिएको स्थल सम्झनु पर्छ ।

(प) “मतपत्र” भन्नाले निर्वाचनमा मतदान गर्नका लागि व्यवस्था गरिएको मतपत्र सम्झनु पर्छ ।

(फ) “मतपेटिका” भन्नाले मतदाताले मत सङ्केत गरेको मतपत्र राख्नका लागि आयोगले व्यवस्था गरेको मतपेटिका सम्झनु पर्छ ।

निर्वाचन आयोग, नेपाल

(ब) "सदस्य" भन्नाले गाउँपालिका वा नगरपालिकाको वडा सदस्य तथा गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले अध्यक्ष, उपाध्यक्ष, प्रमुख, उपप्रमुख र वडा अध्यक्षलाई समेत जनाउँछ ।

(भ) "सर्वदलीय वा सर्वपक्षीय बैठक" भन्नाले स्थानीय तहको निर्वाचनमा भाग लिएका राजनीतिक दलका स्थानीय प्रतिनिधि, उम्मेदवार, उम्मेदवारका प्रतिनिधि, बुद्धिजीवी समेतलाई आमन्त्रण गरिने बैठक सम्झनु पर्छ ।

(म) "स्थानीय तह" भन्नाले गाउँपालिका, नगरपालिका र जिल्ला सभा सम्झनु पर्छ ।

## परिच्छेद-२
## मतदान कर्मचारी सम्बन्धी व्यवस्था र प्रशिक्षण

३. **नियुक्ति :** (१) मुख्य निर्वाचन अधिकृतले जिल्लाभरका प्रत्येक मतदान केन्द्रका लागि सम्बन्धित निर्वाचन अधिकृतसँग समन्वय गरी स्थानीय तह निर्वाचन (जनशक्ति व्यवस्थापन) निर्देशिका, २०७८ बमोजिम मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीको नियुक्ति गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएका मतदान अधिकृत, सहायक मतदान अधिकृत र अन्य कर्मचारीले सम्बन्धित मतदान केन्द्रमा गई काम गर्नु पर्नेछ ।

४. **प्रशिक्षणमा सहभागी हुने :** मतदान अधिकृत तथा सहायक मतदान अधिकृतले निर्वाचन कार्यालयले तोकेको स्थानमा आयोजना हुने प्रशिक्षण कार्यक्रममा सहभागी हुनु पर्नेछ ।

५. **कर्मचारीबारे जानकारी लिने :** (१) मुख्य निर्वाचन अधिकृतको कार्यालयले मतदान अधिकृतलाई दिने नियुक्तिपत्रमा सो मतदान केन्द्रमा खटिने सम्पूर्ण कर्मचारीको पद, नाम थर, दर्जा र कार्यालय समेत उल्लेख हुनेछ र मतदान अधिकृतले आफ्नो नियुक्तिपत्रबाटै आफू खटिने मतदान केन्द्रमा खटिएका सम्पूर्ण कर्मचारीको जानकारी प्राप्त गर्नेछ ।

(२) मतदान केन्द्रमा खटिने सुरक्षाकर्मीको विवरण जिल्ला प्रहरी कार्यालयले निर्वाचन अधिकृतको कार्यालयमा उपलब्ध गराउनेछ ।

६. **मतदानकेन्द्रमा प्रस्थानको तयारी :** मतदान अधिकृतले मतदान केन्द्रमा प्रस्थान गर्नु अघि आफु खटिएको मतदान केन्द्रमा खटिने कर्मचारी र सुरक्षाकर्मीसँग आपसी समन्वय गरी मतदान केन्द्रमा जाने व्यवस्था मिलाउनु पर्नेछ ।

७. **उत्तरदायी हुने :** (१) मतदान अधिकृत निर्वाचन सम्बन्धी कामका लागि निर्वाचन अधिकृतप्रति उत्तरदायी हुनेछ ।

(२) मतदान केन्द्रमा खटिएको सहायक मतदान अधिकृत, अन्य कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मी मतदान अधिकृतप्रति उत्तरदायी हुनेछ ।

८. **स्वयंसेवक नियुक्ति गर्ने :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा सहयोग गर्न बढीमा तीन दिनको लागि प्रत्येक मतदान केन्द्रमा कम्तीमा एक जना महिला सहित तीन जना स्वयंसेवक नियुक्त गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त गरिएको स्वयंसेवकलाई मतदान अधिकृतले निर्वाचन आचारसंहिता, २०७८ को अनुसूची-२ बमोजिमको प्रतिबद्धता गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम स्वयंसेवकको नियुक्तिको ढाँचा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६८ बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त गरिएको स्वयंसेवकलाई मतदान अधिकृतले स्थानीय तह निर्वाचन सञ्चालन (आर्थिक व्यवस्थापन) कार्यविधि, २०७८ ले निर्धारण गरे बमोजिमको दैनिक भत्ता बापतको रकम भुक्तानी दिनु पर्नेछ ।

परिच्छेद-३

## निर्वाचन सामग्री सम्बन्धी व्यवस्था

९. **निर्वाचन सामग्रीका बारेमा जानकारी लिने :** मतदान अधिकृतले मतदान केन्द्रमा प्रयोग हुने मतदाता नामावली, मतपत्र, मतपेटिका, सुरक्षण सिल, स्वस्तिक छाप, छापदानी, नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर, छेकाबारा, अनुसूची फाराम, ऐन, नियम, निर्देशिका लगायत सबै प्रकारका सामग्रीको बारेमा जानकारी लिई त्यस्ता सामग्री सम्बन्धित अधिकारी वा निकायबाट प्राप्त गर्नु पर्नेछ ।

१०. **सामग्री बुझिलिने :** (१) मतदान अधिकृतले मतदान केन्द्रमा प्रस्थान गर्नुअघि आफू खटिएको मतदान केन्द्रको मतदाता नामावली दुई प्रति (एक प्रति रङ्गिन र एक प्रति श्यामश्वेत), मतदातालाई वितरण गर्नु पर्ने मतदाता परिचयपत्र, मतपत्र, मतपेटिका, सुरक्षण सिल, मत सङ्केत गर्ने स्वस्तिक छाप, छापदानी, नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर, छेकाबारा, विभिन्न अनुसूची फाराम, ऐन, नियम, निर्देशिका लगायतका मतदान सामग्री बुझिलिनु पर्नेछ ।

(२) मतदान केन्द्रमा प्रयोग हुने मतपत्र मुख्य निर्वाचन अधिकृतको कार्यालयबाट र अन्य सामग्री निर्वाचन कार्यालयबाट बुझिलिनु पर्नेछ ।

(३) मतदान सामग्रीको जाँच गर्दा मतदान अधिकृतले विशेष गरी देहायका कुरामा ध्यान दिई यकिन हुनु पर्नेछ :-

(क) मतदान सामग्री आफू खटिएको मतदान केन्द्रको हो, होइन ?

(ख) स्वस्तिक छाप, स्ट्याम्प प्याडमा मसी भए, नभएको ?

(ग) औंलामा लगाउने नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर भए, नभएको ?

(घ) मतदाता नामावलीको दुवै प्रति पूर्ण छ, छैन ?

(ङ) मतदाता नामावली आफू खटिएको मतदान केन्द्रको हो/होइन ?

(च) मतदाता नामावलीमा रहेको मतदाता सङ्ख्या मतदान केन्द्रमा तोकिएको मतदाता सङ्ख्यासँग मिल्छ, मिल्दैन ?

(छ) मतदान सामग्री र मतदान कार्यमा प्रयोग हुने अनुसूची फारामहरू स्पष्ट र पर्याप्त छन, छैनन् ?

(ज) निर्वाचन सम्बन्धी आवश्यक पर्ने ऐन, नियम, निर्देशिकाहरु छन्, छैनन् ?

(४) मतदान अधिकृतले स्वस्तिक छाप बुझ्दा स्वस्तिक छाप ठिक छ, छैन जाँची बुझी लिनु पर्नेछ।

(५) निर्वाचन कार्यालयले मतदान अधिकृतलाई स्वस्तिक छाप, सुरक्षणसिल र मतपेटिका बुझाएको दुई प्रति भरपाई गराई राख्नु पर्नेछ र त्यस्तो भरपाईको एकप्रति निर्वाचन कार्यालयले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(६) उपदफा (६) बमोजिम निर्वाचन कार्यालयले मतदान अधिकृतसँग भरपाई गराउँदा सुरक्षणसिलको नम्बर समेत उल्लेख गर्नु पर्नेछ र मतदान अधिकृतले आफूले बुझिलिएको सुरक्षणसिल नम्बर पोलबुकमा टिपोट गरी राख्नु पर्नेछ।

११. **मतपत्र बुझिलिने** : (१) मतदान अधिकृतले मुख्य निर्वाचन अधिकृतबाट मतपत्र बुझिलिँदा आयोगबाट पठाएको कपडाको थैलोमा पोको पारी जाँचीबुझी लाहाछाप लगाई लिनु पर्नेछ। त्यसरी मतपत्र बुझिलिँदा मतदान केन्द्रको लागि छुट्टयाइएको मतपत्रको क्रमसङ्ख्याको सुरु र अन्तिम क्रमसङ्ख्या खुलाई बुझिलिनु पर्नेछ र मुख्य निर्वाचन अधिकृतले सोको अभिलेख राख्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मतपत्रको क्रमसङ्ख्या उल्लेख भएको अभिलेख मुख्य निर्वाचन अधिकृतले एकप्रति आफ्नो कार्यालयमा राखी अर्को एकप्रति सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

(३) यस दफा बमोजिम मतपत्र बुझिलिँदा सम्बन्धित स्थानीय तहको सम्बन्धित मतदान केन्द्रमा मतदान हुने कुनै पदमा र्निविरोध निर्वाचित भए नभएको बुझी र्निविरोध निर्वाचित भएको भए लिखित जानकारी समेत लिनु पर्नेछ।

१२. **दस्तखत नमूना लिने** : (१) दफा ११ बमोजिम मतदान अधिकृतलाई मतपत्र बुझाउँदा मुख्य निर्वाचन अधिकृतले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३८ बमोजिम मतदान अधिकृतको दस्तखत नमूना लिई अभिलेख राख्नु पर्नेछ। यसरी दस्तखत नमूना लिँदा पूरा तथा छोटकरी दस्तखतको नमूना दुई प्रति लिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको दस्तखतको एक प्रति नमूना मुख्य निर्वाचन अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई उपलब्ध गराउनु पर्नेछ।

१३. **मतदान सामग्री मतदान केन्द्रमा पुर्‍याउने :** मतदान अधिकृतले सहायक मतदान अधिकृत, अन्य कर्मचारी, कार्यालय सहयोगी र सुरक्षाकर्मीसमेतसँग समन्वय गरी आफू खटिएको मतदान केन्द्रको मतदान सामग्री सुरक्षित रूपमा मतदान केन्द्रमा पुर्‍याउनु पर्नेछ। सामग्री

लिई जाँदा राती बास बस्नु पर्ने अवस्थामा निर्वाचन सामग्री र कर्मचारीको सुरक्षा व्यवस्थामा उचित ध्यान दिनु पर्नेछ ।

१४. **बसोबासको प्रबन्ध मिलाउने** : मतदान अधिकृतले स्थानीय व्यक्ति तथा मतदान टोलीका अरू सदस्यसँग समेत आपसी समन्वय गरी टोलीका लागि मतदान केन्द्र रहेको स्थलमा बसोबासको आवश्यक प्रबन्ध मिलाउनु पर्नेछ ।

तर मतदान केन्द्र रहेको स्थलमा त्यस्तो व्यवस्था गर्न सम्भव नभएमा उम्मेदवार, निजको नातेदार तथा निजको निर्वाचन प्रतिनिधि बाहेकको घर वा होटलमा बसोबासको व्यवस्था गर्न सकिनेछ ।

१५. **मतदाता परिचयपत्र वितरण** : (१) मतदान अधिकृतले निर्वाचनको मितिभन्दा अगावै आयोगबाट प्राप्त मतदाता परिचयपत्र सम्बन्धित मतदाता वा निजको परिवारका सदस्यलाई बुझाई बुझिलिनेको दस्तखत वा सहीछाप गराई राख्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम परिचयपत्र वितरण गरी बाँकी रहन गएका मतदाता परिचयपत्र र मतदाता परिचयपत्र बुझाएको भर्पाइ सम्बन्धित निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ । त्यसरी मतदान अधिकृतले बाँकी फिर्ता बुझाएका मतदाता परिचयपत्र र मतदातालाई मतदाता परिचयपत्र बुझाएको भर्पाइ निर्वाचन अधिकृतले निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ ।

१६. **सर्वदलीय वा सर्वपक्षीय बैठक राख्ने** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा पुगेपछि सकभर छिटो सर्वदलीय वा सर्वपक्षीय बैठक राखी मतदान केन्द्र वरपरको सुरक्षा व्यवस्था कायम राख्ने, मतदान केन्द्र निर्माण गर्ने, स्वच्छ, स्वतन्त्र रूपमा मतदान कार्य सञ्चालन गर्ने विषयमा आवश्यक सहयोग जुटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सर्वदलीय वा सर्वपक्षीय बैठकमा स्थानीय तहको सम्बन्धित वडाका प्रतिनिधिहरु, स्थानीय तहको निर्वाचनमा भाग लिएका राजनीतिक दलका स्थानीय प्रतिनिधि, उम्मेदवार, उम्मेदवारका प्रतिनिधि, बुद्धिजीवीलाई आमन्त्रण गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले सर्वदलीय वा सर्वपक्षीय बैठकका सहभागीलाई मतदान प्रक्रियाबारे जानकारी गराउनु पर्नेछ ।

## परिच्छेद-४

## मतदान केन्द्र निर्माण

१७. **मतदान केन्द्र निर्माण गर्ने** : (१) मतदान अधिकृतले आफू खटिएको मतदान केन्द्रमा आफ्नो टोलीमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीसँग समेत परामर्श गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३३ बमोजिमको ढाँचामा सबैलाई सहज हुने किसिमले मतदान केन्द्र निर्माण गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय व्यक्तिको सहयोग लिन तथा त्यस केन्द्रमा खटिएका कर्मचारी तथा सुरक्षाकर्मीलाई सो काममा लगाउन सक्नेछ ।

(३) मतदान केन्द्र निर्माणमा मतदान अधिकृतलाई सहयोग पुऱ्याउनु मतदान केन्द्रमा खटिएका कर्मचारी र सुरक्षाकर्मीको कर्तव्य हुनेछ ।

(४) उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय स्तरमा उपलब्ध हुने डोरी, बाँस, घोचा, पाल जस्ता सामग्रीको उपयोग गर्न सकिनेछ । यसरी निर्माण गरिएको मतदान केन्द्रमा मतदान कार्य सञ्चालनका लागि आवश्यक पर्ने टेबुल, बेञ्च, कुर्सी लगायतका सामग्रीको व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उपदफा (१) बमोजिम मतदान केन्द्र निर्माण गर्दा त्यस्तो केन्द्रमा देहायको व्यवस्था गर्नु पर्नेछ :-

(क) मत सङ्केत गर्नका लागि गोप्य कक्ष बनाउने र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुल राख्ने,

(ख) खण्ड (क) बमोजिम गोप्य कक्ष बनाउँदा सामान्यतयाः देहाय बमोजिमको सङ्ख्यामा बनाउनु पर्नेछ :-

(१) तीन सय पचाससम्म मतदाता स्ङख्या भएको मतदान केन्द्रमा एउटा,

(२) तीन सय एकाउन्न देखि सात सयसम्म मतदाता सङ्ख्या भएको मतदान केन्द्रमा दुईवटा,

(३) सात सय एक भन्दा बढी मतदाता सङ्ख्या भएको मतदान केन्द्रमा तीनवटा ।

(ग) मतदान गर्ने गोप्य स्थानको छेकाबारको बाहिरपट्टि टेबुलमा मत सङ्केत गर्ने स्वस्तिक छाप तथा छापदानी राख्ने व्यवस्था मिलाउने तथा त्यसको नजिकै मतपेटिका राख्ने टेबुल राख्ने,

(घ) मत सङ्केत गरेपछि स्वस्तिक छाप साविकको स्थानमा ल्याएर राख्ने व्यवस्था गर्ने,

(ङ) मतपेटिका राखेको ठाउँको नजिक मतदान केन्द्रभित्रको समग्र कार्यको निरीक्षण गर्न सक्ने गरी मतदान अधिकृत बस्ने ठाउँ बनाउने,

(च) मतदान केन्द्रको बाहिरी भागमा खुला ठाउँमा महिला र पुरुष मतदाताको लागि डोरी वा बाँस लगाई अलग-अलग रूपमा पङ्क्तिबद्ध हुने व्यवस्था मिलाउने,

(छ) पङ्क्तिबद्ध भएका मतदाता मतदान कक्षभित्र प्रवेश गर्ने स्थलमा मतदाताको नाम रुजु गर्ने, तथ्याङ्क फाराम भर्ने, नमेटिने मसी वा

निर्वाचन आयोग, नेपाल

मार्करले चिनो लगाउने र मतदातालाई मतपत्र दिने सहायक मतदान अधिकृत वा कर्मचारी बस्ने ठाउँको व्यवस्था गर्ने,

(ज) मतदान केन्द्रमा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि बस्ने ठाउँको व्यवस्था गर्ने,

(झ) गर्भवती, अशक्त, वृद्ध, बिरामी, कृयापुत्री, सत्केरी मतदाताको लागि विश्राम गर्ने ठाउँको व्यवस्था गर्ने,

(ञ) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध गर्ने,

(ट) मतदान गरिसकेको व्यक्ति पुनः मतदान कक्षतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाउने,

(ठ) प्रत्येक मतदान केन्द्रमा मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता लामबद्ध हुने ठाउँमा झुण्डयाउने वा टाँस्ने ।

(६) मतदान अधिकृतले मतदान गर्न तोकिएको स्थानमा कुनै विद्यालय वा सार्वजनिक भवन नभएको अवस्थामा चौर वा खुला ठाउँमा पाल, त्रिपाल वा छेकवार वा अन्य कुनै उपयुक्त वस्तुको प्रयोग गरी मतदान केन्द्र निर्माण गर्नु पर्नेछ ।

(७) मतदान केन्द्र निर्माण गर्दा सम्भव भएसम्म अपाङ्गता भएका व्यक्तिको लागि समेत सहज हुने गरी निर्माण गर्नु पर्नेछ ।

(८) यस दफा बमोजिम मतदान केन्द्र निर्माण गर्दा स्थानीय बासिन्दाको सहयोगमा मतदान केन्द्रको वरपर सम्भव भएसम्म खानेपानी र शौचालयको प्रबन्ध मिलाउनु पर्नेछ ।

(९) मतदान केन्द्रमा मतदान अधिकृतले कुनै सहयोग मागेमा निजलाई सहयोग गर्नु सबैको कर्तव्य हुनेछ ।

१८. **मतदान केन्द्रमा व्यवस्था गर्नु पर्ने अन्य कुराहरु :** (१) मतदान अधिकृतले मतदान केन्द्र निर्माण गरिसकेपछि त्यस्तो केन्द्रमा देहाय बमोजिमका अन्य व्यवस्था मिलाउनु पर्नेछ :-

(क) मतदाता प्रवेश गर्ने द्वारमा "भित्र" र मतदाता बाहिर निस्कने द्वारमा "बाहिर" लेखिएको कार्ड सबैले देख्ने गरी टाँस्ने,

(ख) मतदान केन्द्रको प्रवेशद्वारमा महिला र पुरुष मतदाता अलग-अलग रूपमा लामबद्ध हुन सक्ने गरी डोरी वा बाँसले मतदाताको लागि लाम लाग्ने ठाउँ छुट्टयाई "महिला" वा "पुरुष" लेखिएको अलग-अलग कार्ड झुण्डयाउने,

(ग) मतदाताको नाम रुजु गर्ने कर्मचारी र लाममा भएका मतदाताका बीच भागमा सुरक्षाकर्मीलाई राख्ने र सुरक्षाकर्मी नपुग भएको अवस्थामा स्वयंसेवकलाई खटाउने,

निर्वाचन आयोग, नेपाल

(घ) नाम रुजु गर्ने कर्मचारीपछि क्रमशः तथ्याङ्क फाराम भर्ने कर्मचारी वा स्वयंसेवक, नमेटिने मसी वा मार्करले औँलामा चिनो लगाउने महिला स्वयंसेवक, मतपत्र दिने सहायक मतदान अधिकृत बस्ने ठाउँको व्यवस्था गर्ने,

(ङ) उम्मेदवार वा उम्मेदवारका प्रतिनिधिलाई मतदान कार्यमा खटिएका कर्मचारीको पछाडिपट्टि बस्ने प्रबन्ध मिलाउने,

(च) मतपेटिका राख्दा धेरै अग्लो ठाउँमा नराखी होचो कदका मतदाताले पनि सजिलै मत खसाल्न सक्ने गरी राख्ने व्यवस्था गर्ने,

(छ) गोप्य मतदान कक्ष बनाउँदा भऱ्याङ वा सिंढी चढेर जानुपर्ने ठाउँमा नबनाउने,

(ज) मतदाताले मतदान गरिसके पछि सो मतदाता सजिलै बाहिर निस्कन सक्ने गरी उपयुक्त व्यवस्था मिलाउने,

(झ) मतदान केन्द्रको बाहिरपट्टि सबैले देख्ने गरी धुम्रपान निषेधित क्षेत्र तथा हातहतियार निषेध लेखिएको कार्ड झुण्ड्याउने,

(ञ) मतदान केन्द्रमा उपलब्ध भएसम्म आयोगले उपलब्ध गराएका पोष्टर टाँस्ने,

(ट) मतदान केन्द्रभित्र कुनै पनि उम्मेदवार वा राजनीतिक दलको पर्चा, पम्प्लेट, पोष्टर, प्रचार जस्ता सामग्री रहेछ भने सो हटाउने,

(ठ) मतदान अधिकृतले मतदान केन्द्र तोकिएको ठाउँलाई मतदान सम्पन्न भएपछि आवश्यक सरसफाई र प्रयोग भएका सामग्री हटाई ठीक दुरुस्त अवस्थामा राख्ने आवश्यक प्रबन्ध मिलाउने ।

(२) मतदान अधिकृतले मतदान केन्द्रमा मोबाइल निषेध गरी सोको सूचना सबैले देख्ने गरी टाँस गर्नु पर्नेछ ।

परिच्छेद-५

## मतदान केन्द्र निर्माणपछि गर्नु पर्ने अन्य काम

१९. **मतदान केन्द्रको क्षेत्र तोक्ने** : मतदान अधिकृतले मतदान केन्द्र रहेको ठाउँको चारैतिर साधारणतया: तीन सय मिटरसम्मको क्षेत्रलाई चारकिल्ला तोकी मतदान केन्द्रको क्षेत्र घोषित गर्नु पर्नेछ र त्यसको सूचना नियमावलीको अनुसूची-१३ बमोजिमको ढाँचामा मतदान केन्द्रमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ ।

२०. **प्रचार-प्रसार गर्न वा शान्ति भङ्ग गर्न निषेध गरेको सूचना प्रकाशन गर्ने** : (१) मतदान अधिकृतले मतदान हुने दिनभन्दा अठ्चालीस घण्टा अघिदेखि मतदानको काम पूरा नभएसम्म

निर्वाचन आयोग, नेपाल

कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचार-प्रसार गर्न वा गराउन नपाउने व्यहोराको स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३४ बमोजिमको सूचना सो मतदान केन्द्रमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ ।

उदाहरणको लागि : शुक्रवारको दिन मतदान हुने रहेछ भने सोभन्दा पहिलेको मङ्गलवारको राति १२ बजेपछि प्रचार-प्रसार निषेध गर्नु पर्नेछ ।

(२) मतदान अधिकृतले निर्वाचनको लागि मतदान हुने दिनमा मतदान कार्य प्रारम्भ हुनुभन्दा तीन घण्टा अघिदेखि मतदान कार्य समाप्त नभएसम्म कसैले पनि मतदाता वा मतदान केन्द्रमा मतदानको काममा संलग्न व्यक्ति वा कर्मचारीलाई बाधा हुने गरी मतदान केन्द्र रहेको घर, भवन वा ठाउँ र मतदानलाई असर पर्ने गरी त्यसको वरिपरिको कुनै निजी वा सार्वजनिक घर, भवन वा जग्गामा देहायका कुनै काम गरी शान्ति भङ्ग गर्न वा भय, त्रास सिर्जना गर्न वा निर्वाचनको वातावरण बिथोल्ने कार्य गर्न वा गराउन नपाउने व्यहोराको स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३५ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछः-

(क) साउण्ड सिस्टम, सर्ट मेसेज सर्भिस (एसएमएस), सामाजिक सञ्जाल वा यस्तै अन्य कुनै साधन प्रयोग गर्न,

(ख) बाजा बजाउन, नाचगान गर्न, सार्वजनिक भोज भतेर गर्न, जुलुस प्रदर्शन वा जुनसुकै किसिमको सभा वा समारोह गर्न वा हुलहुज्जत वा होहल्ला गर्न वा गराउन ।

२१. **मादक पदार्थ निषेध गर्ने** : दफा २० बमोजिम मतदान अधिकृतले प्रचारप्रसार निषेध भएको अवधि (मौन अवधि) देखि मतादान कार्य सम्पन्न नभएसम्म मादक पदार्थ बिक्री वितरण र सेवन गर्न निषेध गरिएको सूचना स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३६ बमोजिम प्रकाशन गर्नु पर्नेछ ।

२२. **हातहतियार लिएर हिँड्न वा प्रयोग गर्न नदिने** : (१) मतदान अधिकृतले मतदान केन्द्र र सोको वरिपरि मतदानको काममा खटिएका सुरक्षा कर्मचारी बाहेक अरु कसैलाई कुनै प्रकारको विष्फोटक पदार्थ, रासायनिक वा विषालु पदार्थ वा लाठी, भाला, खुकुरी, बन्दुक, पेस्तोल वा त्यस्तै प्रकारका अन्य हातहतियार लिएर हिँड्न, प्रदर्शन गर्न, प्रयोग गर्न वा गराउन रोक लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) को प्रयोजनको लागि स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३७ बमोजिमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

२३. **मतदान सम्बन्धी कार्यमा बाधा पुऱ्याउनेलाई गिरफ्तार गर्न सकिने :** (१) मतदान अधिकृतले मतदान कार्यमा बाधा पुऱ्याउने वा पुऱ्याउन उद्योग गर्ने वा मद्दत गर्ने वा त्यस्तो कार्य गर्न दुरुत्साहन गर्ने जुनसुकै व्यक्तिलाई त्यस्तो काम नगर्न र सो स्थानबाट बाहिर जान आदेश दिन सक्नेछ ।

(२) निर्वाचन (कसुर र सजाय) ऐन, २०७३ बमोजिम कसूर मानिने कार्य गर्ने व्यक्तिलाई वा उपदफा (१) बमोजिमको आदेश नमान्ने व्यक्तिलाई गिरफ्तार गर्न मतदान अधिकृतले सम्बन्धित सुरक्षाकर्मीलाई आदेश दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मतदान अधिकृतले दिएको आदेश सम्बन्धित सुरक्षाकर्मीले पालना गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम दिएको आदेश सुरक्षाकर्मीले पालना नगरेमा मतदान अधिकृतले निर्वाचन अधिकृतलाई छिटो माध्यमबाट जानकारी गराउनेछ र निर्वाचन अधिकृतले त्यस्तो सुरक्षाकर्मीलाई विभागीय कारबाही गर्न तत्काल आयोगमा लेखी पठाउनेछ।

२४. **निर्वाचन सामग्री मतदान केन्द्रबाट बाहिर लैजान नहुने** : मतदान कार्य समाप्त भई अन्य सम्पूर्ण प्रक्रिया पूरा नहुञ्जेलसम्म मतदान कार्यमा प्रयोग भएका मतदान सामग्री मतदान केन्द्रभन्दा बाहिर लैजान र अनधिकृत व्यक्तिलाई छुन दिनु हुँदैन।

२५. **मतदान प्रतिनिधिको नियुक्ति** : (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनमा मतदान सम्बन्धी काम गर्न प्रत्येक मतदान केन्द्रको लागि आफूले गर्नुपर्ने काम गर्न नियमावलीको अनुसूची-२४ बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ। यसरी मतदान प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी मतदान अधिकृत र निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्त गर्दा एकै दलको तर्फबाट उम्मेदवार भएका सबै उम्मेदवारले समन्वय गरी एउटा मतदान केन्द्रमा एकजनामात्र र स्वतन्त्र उम्मेदवारहरुले आपसमा समन्वय गरी एउटा मतदान केन्द्रमा सम्भव भएसम्म एकजना मतदान प्रतिनिधि रहने गरी नियुक्त गर्नु पर्नेछ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतदान प्रतिनिधिलाई नियमावलीको अनुसूची-२५ बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिलाई उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(५) उपदफा (४) बमोजिम अर्को मतदान प्रतिनिधि नियुक्त गरिएकोमा मतदान अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ।

(६) यस दफा बमोजिम नियुक्त भएको मतदान प्रतिनिधिले निर्वाचन आचार संहिता, २०७८ को अनुसूची-३ बमोजिमको प्रतिबद्धतापत्रमा हस्ताक्षर गरी मतदान अधिकृतलाई पेश गर्नु पर्नेछ।

२६. **मतदान प्रतिनिधिको योग्यता :** दफा २५ बमोजिम नियुक्त गरिने मतदान प्रतिनिधिको योग्यता सम्बन्धित मतदान केन्द्रमा मतदान गर्न पाउने अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्ति हुनु पर्नेछ।

२७. **मतदान प्रतिनिधिको कर्तव्य :** दफा २५ बमोजिम नियुक्त मतदान प्रतिनिधिको कर्तव्य देहाय बमोजिम हुनेछ :-

(क) शान्तिपूर्ण ढङ्गबाट मतदान कार्य सम्पन्न गर्न सहयोग गर्ने,

(ख) मतदानका क्रममा तयार हुने मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधिको तर्फबाट सहीछाप गर्ने,

(ग) ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतदान प्रतिनिधिले मतदान केन्द्रमा गर्नु पर्ने सबै काम गर्ने ।

२८. **मतदान केन्द्रमा प्रवेश अनुमतिपत्र :** (१) मतदान अधिकृतले मतदान सम्बन्धी कामको लागि कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा नियमावलीको अनुसूची-२७ बमोजिमको ढाँचामा दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुमतिपत्र मतदानको कार्य समाप्त नभएसम्म वा मतदान अधिकृतले रद्द नगरेसम्म कायम रहनेछ ।

२९. **मतदाता सूचना तथा सहायता कक्षको व्यवस्था गर्ने** : (१) मतदान स्थलमा मतदातालाई मतदाता शिक्षा दिने प्रयोजनको लागि मतदान अधिकृतले मतदाता सूचना तथा सहायता कक्षको व्यवस्था गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मतदाता सूचना तथा सहायता कक्षमा मतदान हुने अघिल्लो दिन र मतदानको दिन मतदान गर्ने तरिका सम्बन्धमा मतदाताले जानकारी लिन सक्नेछन् ।

(३) यस दफा बमोजिम मतदाता सूचना तथा सहायता कक्ष स्थापना गर्ने सम्बन्धी अन्य व्यवस्था आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

## परिच्छेद-६

## अभिमुखीकरण र कार्य विभाजन

३०. **अभिमुखीकरण गर्ने :** (१) मतदान अधिकृतले मतदानको पूर्व तयारी स्वरूप मतदान हुने दिन अगावै मतदान केन्द्रमा खटिएका कर्मचारी, स्वयंसेवक र सुरक्षाकर्मीलाई मतदान प्रक्रियाका बारेमा अभिमुखीकरण गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अभिमुखीकरण गराउँदा प्रत्येक कर्मचारी, सुरक्षाकर्मी र स्वयंसेवकले निर्वाचन प्रक्रियामा पूरा गर्नुपर्ने जिम्मेवारीबारे स्पष्ट पार्नु पर्नेछ ।

३१. **कार्य विभाजन :** (१) मतदान अधिकृतले मतदान कार्य सफलतापूर्वक सञ्चालन गर्न सहायक मतदान अधिकृत, अन्य कर्मचारी र स्वयंसेवकलाई देहायबमोजिम कार्य विभाजन गरी जिम्मेवारी समेत तोक्नु पर्नेछ :-

(क) मतदानका लागि उपस्थित मतदाताको मतदाता परिचय-पत्र हेरी मतदाता नामावलीमा नाम रुजु गर्ने,



निर्वाचन आयोग, नेपाल

(ख) नाम रुजु गरी आएको मतदाता महिला, पुरुष वा अन्य के हो ? सो अनुसार स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची -४३ बमोजिमको तथ्याङ्क फाराममा अभिलेख जनाई राख्ने,

(ग) मतदाताको औंलामा नमेटिने मसी लगाउने,

(घ) मतदातालाई मतपत्र दिने,

(ङ) मतदान केन्द्रमा मतदाताको लाइन व्यवस्थापन र अन्य कार्यमा सहयोग पुऱ्याउने,

(च) मतदान गरिसकेको मतदाताले मतपेटिकामा मतपत्र खसाले नखसालेको निगरानी गर्ने तथा मतदान गरी सकेको मतदातालाई बाहिर पठाउने ।

(२) उपदफा (१) बमोजिम कार्य विभाजन गर्दा मतदातालाई मतपत्र दिने कार्य सहायक मतदान अधिकृतलाई र मतदाताको औंलामा नमेटिने मसी लगाउने जिम्मेवारी महिला स्वयंसेवकलाई दिने गरी कार्य विभाजन गर्नु पर्नेछ ।

परिच्छेद-७

## मतदानको तयारी

३२. मतदानको तयारी : (१) मतदान हुने दिन मतदान प्रारम्भ हुनुभन्दा अघि मतदान केन्द्रमा मतदान सम्बन्धी सबै व्यवस्थाको प्रबन्ध पूरा भए नभएको कुराको मतदान अधिकृतले देहाय बमोजिम निरीक्षण गर्नु पर्नेछ :-

(क) मत सङ्केत गर्ने गोप्य स्थान र सो स्थानमा मतपत्रमा छाप लगाउने टेबुल ठीक छ, छैन,

(ख) मतदान गर्ने गोप्य स्थानको छेकाबारा बाहिरपट्टि टेबुलमा मत सङ्केत गर्ने स्वस्तिक छाप तथा छापदानी राखिएको छ छैन, सो छापदानीको प्याड माथि प्लाष्टिक वा कागजले ढाकिएको भए सो काटेर हटाएको छ, छैन र त्यस्तो प्लाष्टिक वा कागज हटाई सकेको रहेछ भने प्याडको मसी सुकेको छ, छैन,

(ग) मतदान गर्ने गोप्य स्थान नजिकै बाहिरपट्टि मतपेटिका राख्ने टेबुल र सोमा मतदान गर्ने मतपेटिका राखिएको छ, छैन,

(घ) नमेटिने मसी वा नमेटिने मसी भएको मार्कर पर्याप्त मात्रामा छ, छैन,

(ङ) मतपेटिका राखेको ठाउँको नजिक नै मतदान अधिकृत बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(च) मतदान केन्द्रको बाहिरी भागमा खुल्ला ठाउँमा महिला वा पुरुष मतदाताको लागि डोरी वा बाँस लगाई अलग अलग पङ्क्तिबद्ध हुन सक्ने व्यवस्था गरिएको छ, छैन, महिला वा पुरुष लेखिएको कार्ड टाँसेको वा झुण्ड्याइएको छ, छैन,

निर्वाचन आयोग, नेपाल

(छ) मतदान गर्ने मतदाताको क्रमसङ्ख्या स्पष्ट देखिने सूचना मतदाता पङ्क्तिबद्ध हुने ठाउँमा झुण्ड्याइएको वा टाँसिएको छ, छैन,

(ज) पङ्क्तिबद्ध भएका मतदाता मतदान कक्षमा प्रवेश गर्ने प्रवेशस्थलमा मतदाताको नाम रुजु गर्ने, महिला, पुरुष वा अन्यको तथ्याङ्क फाराम भर्ने, औलामा नमेटिने मसीले चिनो लगाउने र मतदातालाई मतपत्र दिने सहायक मतदान अधिकृत, कर्मचारी र स्वयंसेवक बस्ने ठाउँ ठीक अवस्थामा छ, छैन,

(झ) गर्भवती, अशक्त, वृद्ध, बिरामी, कृयापुत्री, सुत्केरी मतदाताको लागि विश्राम गर्ने ठाउँको व्यवस्था छ, छैन,

(ञ) मतदान गरिसकेको व्यक्ति पुनः मतदान कक्षतर्फ फर्कन नसक्ने गरी बाहिर निस्कने व्यवस्था मिलाइएको छ, छैन,

(ट) मतदाताको नाम रुजु गर्ने ठाउँमा र मतदान गरिसकेपछि मतदाता बाहिर निस्कने ठाउँमा सुरक्षाको प्रबन्ध छ, छैन,

(ठ) उम्मेदवार वा मतदान प्रतिनिधि वा निर्वाचन प्रतिनिधि बस्ने स्थान ठीक छ, छैन,

(ड) मतदान केन्द्रमा मतदान हुने निर्वाचनको लागि मतदाता नामावली ठीक छ, छैन,

(ढ) मतदान केन्द्र भित्र कुनै उम्मेदवारको कुनै किसिमको प्रचार सामग्री छ, छैन,

(ण) निर्वाचन हुने पदको लागि प्रतिस्पर्धा गर्ने सबै उम्मेदवारको निर्वाचन चिन्ह भएको मतपत्र छ, छैन ।

(२) उपदफा (१) को खण्ड (ढ) बमोजिम निरीक्षण गर्दा मतदान केन्द्रभित्र कुनै उम्मेदवारको कुनै किसिमको प्रचार प्रसार सामग्री भएको पाइएमा त्यस्तो सामग्री तुरुन्त हटाउनु पर्नेछ ।

३३. <u>**मतपेटिका सम्बन्धी व्यवस्था**</u> : (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानका लागि एउटा मतपेटिका राख्नु पर्नेछ । त्यस्तो मतपेटिकामा मतदान अधिकृतले मतदान कार्य प्रारम्भ हुनुभन्दा पहिले नै मतदान केन्द्रको नाम, गाउँपालिका वा नगरपालिकाको नाम, वडा नम्बर तथा मतपेटिकाको क्रम उल्लेख भएको स्टिकर मतपेटिकाको बाहिरी भागमा टाँसी त्यसमा क्रम उल्लेख गरी आफ्नो दस्तखत समेत गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम राखिएको मतपेटिका मतपत्रले भरिएमा मतदान अधिकृतले उपदफा (१) बमोजिमको रित पुऱ्याई अर्को मतपेटिका राख्नु पर्नेछ । यसरी थप गरिएको मतपेटिकामा समेत मतपेटिकाको क्रम क्रमशः उल्लेख गर्नु पर्नेछ ।

<u>उदाहरणार्थ</u> : मतदान केन्द्रमा मतदानका लागि एउटा मात्र मतपेटिका प्रयोग भएकोमा क्रम एक, दुईवटा प्रयोग भएकोमा क्रम दुई र तीनवटा प्रयोग भएकोमा तेस्रो मतपेटिकामा क्रम

तीन लेख्नु पर्नेछ । यसरी क्रम लेख्दा त्यस्तो स्टिकरमा मतपेटिकाको क्रम जनाउने निर्दिष्ट कोठा नभएमा मार्करले लेखी मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ ।

३४. **<u>रित्तो मतपेटिका बन्द गर्ने</u>** : (१) मतदान अधिकृतले मतदान सुरु हुनुभन्दा अघि रित्तो मतपेटिका उम्मेदवार वा निजका प्रतिनिधिलाई देखाई सो मतपेटिका दुरुस्त तथा रित्तो भए नभएको जाँच गरी मतपेटिकाको ढकनी (बिर्को) मा रहेको मतपत्र खसाल्ने प्वाल मात्र खुला रहने गरी मतपेटिका बन्द गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३९ बमोजिमको मुचुल्का गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा उम्मेदवार वा निजको प्रतिनिधिको रोहबरमा हरियो रङको सुरक्षणसिल लगाई बन्द गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम मतपेटिका बन्द गर्दा सुरक्षणसिलमा उल्लेख भएको सुरक्षणसिल नम्बर स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-३९ बमोजिमको मुचुल्कामा उल्लेख गरी उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई सहीछाप गर्न लगाई मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ । त्यसरी प्रयोग भएका सुरक्षणसिलका नम्बरहरू मतदान अधिकृतले आफ्नो पोलबुकमा टिपोट गर्नु पर्नेछ र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले टिपोट गर्न चाहेमा टिपोट गर्न दिनु पर्नेछ ।

३५. **<u>स्वस्तिक छाप जाँच गर्ने र मतपत्रको सिलबन्दी प्याकेट खोल्ने</u>** : (१) मतदान अधिकृतले मतदानको कार्य शुरु हुनुअघि उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा स्वस्तिक छाप जाँच गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४० बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ ।

(२) मतदान हुने दिन मतदान शुरु हुनुभन्दा अघि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपत्रको सिलबन्दी प्याकेट खोल्नु पर्नेछ र त्यसरी सिलबन्दी प्याकेट खोलेको व्यहोरा स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४१ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ । सो मुचुल्कामा सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

३६. **<u>परिचयपत्र लगाउनु पर्ने</u>**: मतदान अधिकृत, सहायक मतदान अधिकृत, निर्वाचनमा खटिएका अन्य कर्मचारी, उम्मेदवार, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि र स्वयंसेवकले आयोगले उपलब्ध गराएको परिचयपत्र देखिने गरी लगाउनु पर्नेछ ।

निर्वाचन आयोग नेपाल

## परिच्छेद-८

## मतदान प्रारम्भ

३७. **मतदान प्रारम्भ गर्ने** : (१) मतदान अधिकृतले मतदान हुने दिन निर्धारित समयमा मतदान प्रारम्भ गर्नु पर्नेछ ।

(२) मतदान प्रारम्भ हुने निर्धारित समयमा मतदान गर्न मतदाता उपस्थित भएमा वा नभएमा पनि मतदान अधिकृतले मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतदान प्रारम्भ भएको भनी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४२ बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई आफूले समेत दस्तखत गरी मुचुल्का गराई राख्नु पर्नेछ ।

३८. **मतपत्रमा दस्तखत गर्ने** : (१) मतदान अधिकृतले दफा ३५ को उपदफा (२) बमोजिम सिलबन्दी प्याकेट खोलिएको सम्पूर्ण मतपत्र आफ्नो जिम्मामा राख्नु पर्नेछ र मतपत्रमा सही गर्नको लागि निर्देशित ठाउँमा मुख्य निर्वाचन अधिकृतको कार्यालयमा दिएको दस्तखत नमुना बमोजिम आफ्नो दस्तखत गर्नु पर्नेछ ।

तर सबै मतपत्रमा एकै पटक दस्तखत नगरी आवश्यकता अनुसार गर्दै जानु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपत्रमा दस्तखत गर्दा दस्तखतको छाप लगाउनु हुँदैन ।

(३) मतदान अधिकृतले आफूले दस्तखत गरेका मतपत्र मतदातालाई प्रदान गर्नको लागि सहायक मतदान अधिकृतलाई आवश्यकता अनुसार उपलब्ध गराउनु पर्नेछ । यसरी दस्तखत गरेका सबै मतपत्र सहायक मतदान अधिकृतलाई एकै पटक उपलब्ध गराउनु हुँदैन ।

(४) उपदफा (२) बमोजिम मतदान अधिकृतले मतदातालाई उपलब्ध गराउन सहायक मतदान अधिकृतलाई उपलब्ध गराएका सबै मतपत्रको छुट्टै लगत राख्नु पर्नेछ ।

(५) मतदान अधिकृतले दस्तखत गरेको मतपत्र मात्र मतदान गर्नको लागि उपस्थित मतदातालाई प्रदान गर्नु पर्नेछ ।

३९. **मतदाताको नाम जाँच गरी रुजु गर्ने** : (१) मतदान केन्द्रमा मतदाता प्रवेश गरेपछि मतदान अधिकृत वा निजले खटाएको कर्मचारीले मतदाता परिचयपत्र हेरी निजको नाम मतदाता नामावलीमा समावेश भएको छ, छैन र मतदाता नामावलीमा भएको व्यहोरासँग भिड्छ, भिड्दैन सो जाँच गर्नु पर्नेछ । यसरी जाँच गर्दा मतदाताको नाम, थर उमेर, सो मतदाताको पिता वा माताको नाम, विवाहित भए निजको पति वा पत्नीको नाम आदि सोधी जाँच गर्दा मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा मतदान अधिकृत वा निजले खटाएको कर्मचारी विश्वस्त भएमा निजलाई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै मतदाताको व्यहोरामा लेखाई वा छपाईको सानोतिनो भूलचुक देखिए तापनि मतदाता नामावलीमा लेखिएको व्यक्ति निज नै हो भन्ने कुरामा विश्वस्त भएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिने व्यवस्था गर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि “सानोतिनो भूलचुक” भन्नाले मतदाता नामावलीमा सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतन वा क्रमसङ्ख्याको लेखाई वा छपाई सम्बन्धी अक्षर, मात्रा वा अङ्कको सामान्य त्रुटि सम्झनु पर्छ ।

(३) उपदफा (१) बमोजिम जाँच गर्दा कुनै व्यक्ति अन्य व्यक्तिको नाममा मतदान गर्न आएको आशंका भएमा वा त्यस्तो व्यक्तिको विरोधमा उजुरी परेमा त्यस्तो व्यक्तिलाई तत्काल मतपत्र नदिई छुट्टै राखी मतदान अधिकृतले जाँच गर्नु पर्नेछ । सो अवधिमा मतदान प्रक्रियालाई सुचारु गरी मतदान अधिकृतले गर्ने जाँचबुझबाट निज वास्तविक मतदाता भएको ठहरेमा निजलाई मतपत्र दिई मतदान गर्न दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम जाँचबुझ गर्दा त्यस्तो व्यक्तिले नाम ढाँटी आएको ठहरेमा मतदान अधिकृतले निजलाई निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ बमोजिम तत्काल जरिबाना गरी त्यसको रसिद सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(५) उपदफा (१), (२) वा (३) बमोजिम मतदातालाई मतपत्र दिएपछि मतदाता नामावलीमा रहेको निजको नामको अगाडि रेजा (√) चिन्ह लगाउनु पर्नेछ ।

४०. **<u>महिला, पुरुष र अन्य मतदाताको तथ्याङ्क फाराम भर्ने</u>** : (१) दफा ३९ बमोजिम मतदाता नामावलीमा नाम रुजु भएपछि मतदान अधिकृतले खटाएको कर्मचारी वा स्वयं सेवकले त्यस्तो मतदाता महिला, पुरुष वा अन्य के हो, सो बमोजिम स्थानीय तह निर्वाचन सञ्चालन निर्देशिका, २०७८ को अनुसूची- ४३ बमोजिमको तथ्याङ्क फाराममा पुरुष, महिला वा अन्यको सङ्ख्यामा रेजा चिन्ह लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले आयोग, निर्वाचन अधिकृत वा निजले खटाएको टोली वा पर्यवेक्षकले मतदान गर्ने पुरुष, महिला वा अन्य मतदाताको विवरण माग गरेमा सोही तथ्याङ्कको आधारमा जानकारी दिनु पर्नेछ ।

(३) मतदान अधिकृतले मतदान सम्पन्न भएपछि उपदफा (१) बमोजिमको फाराम सिलबन्दी नगरी निर्वाचन अधिकृतलाई अलग्गै बुझाउनु पर्नेछ । महिला, पुरुष वा अन्य मतदाताको सङ्ख्या देखिने गरी कति मतदाताले मतदान गरे भनी मतदान अधिकृतले आफ्नो पोलबुकमा समेत लेख्नु पर्नेछ ।

४१. **<u>मतदाताको औंलामा चिनो लगाउनु पर्ने</u>** : (१) मतदाता नामावलीमा नाम रुजु भएपछि दफा ४० बमोजिम तथ्याङ्क फाराममा समेत महिला, पुरुष वा अन्य के हो जनाइसकेपछि मतदाताको तथ्याङ्क फाराम भर्न खटाइएको महिला स्वयं सेवकले नै मतदाताको बायाँ हातको बूढी औँलामा नङ र मासुको जोर्नीमा नमेटिने मसी वा नमेटिने मसी भएको मार्करले चिनो लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदाताको बायाँ हातको बूढी औँला नभएमा दायाँ हातको बूढी औँलामा चिन्ह लगाउनु पर्नेछ । दायाँ हातको बूढी औँला नभएमा बायाँ हातको चोर,

माझी, साइली र कान्छी औँलामध्ये जुन औँला सद्दे छ क्रमशः ती मध्येको एक औँलामा चिन्ह लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको कुनै औँला नभएमा दायाँ हातको कुनै औँलामा सोही बमोजिमको क्रम अनुसार चिन्ह लगाउनु पर्नेछ ।

(४) कुनै मतदाताको दुबै हात रहेनछ भने मतदान अधिकृतले सो व्यहोरा मतदाता नामावलीमा जनाई निजलाई मतदान गर्न दिनु पर्नेछ ।

४२. **मतपत्रको अधकट्टीमा मतदाताको सहीछाप गराउने** : (१) मतदान अधिकृत वा सहायक मतदान अधिकृतले मतदातालाई मतपत्र दिनुभन्दा पहिले निजलाई प्रदान गरिने मतपत्रको अधकट्टीको माथिको भागमा सो मतदाताको गाउँपालिका वा नगरपालिका, वडा नम्बर र मतदाताको क्रमसङ्ख्या समेत लेखी सो मतदाताको सहीछाप गराई मतपत्र दिनु पर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि मतदाताको सहीछाप गराउँदा लेख्न नसक्ने मतदाताको दायाँ हातको बुढी औंलाको छाप लगाउनु पर्नेछ । दायाँ हातको बुढी औंला नभएमा बायाँ हातको बुढी औंला वा दुबै हातमा बुढी औंला नभएमा दायाँ हातको अन्य कुनै औला वा सो नभएमा बायाँ हातको अन्य कुनै औंलाको छाप लगाई र कुनै हातमा औंला नभएमा सोही व्यहोरा अधकट्टीमा जनाई मतपत्र दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपत्रको अधकट्टीमा औंलाको छाप लगाए पछि मतदाताको औंलामा रहेको मसी कपडाले पुछ्न लगाएर मात्र मतपत्र दिनु पर्नेछ ।

(४) निर्वाचित हुने कुनै पदको उम्मेदवार निर्विरोध निर्वाचित भएको रहेछ र कुनै पदको लागि मतदान गर्नुपर्ने अवस्था रहेछ भने मतदान अधिकृतले निर्विरोध निर्वाचित भएको पदको लागि निर्धारित निर्वाचन चिन्ह रहेको खण्डमा रातो वा कालो मसी भएको कलमले माथिदेखि तलसम्म धर्को कोरी मतदान गर्नुपर्ने बाँकी पदको लागि मात्र मतपत्र दिनु पर्नेछ ।

४३. **मतपत्र दिने** : (१) दफा ३९ बमोजिम मतदाता नामावलीमा नाम रुजु भई दफा ४१ बमोजिम औँलामा नमेटिने मसी वा नमेटिने मसी भएको मार्करले चिनो लागेको मतदातालाई सहायक मतदान अधिकृत वा मतदान अधिकृतले तोकेको कर्मचारीले दफा ४२ बमोजिम रित पुऱ्याई मतपत्र दिनु पर्नेछ ।

(२) मतदातालाई मतदानका लागि मतपत्र दिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी दस्तखत भएको मतपत्र मात्र दिनु पर्नेछ । मतदाताले पनि मतपत्र लिँदा मतदान अधिकृतको दस्तखत भए नभएको यकिन गरी लिनु पर्नेछ ।

४४. **मतदान गर्ने** : (१) दफा ४३ बमोजिम मतपत्र लिएको मतदाताले स्वस्तिक (卐) चिन्ह भएको मत सङ्केत गर्ने छाप लिएर मत सङ्केत गर्ने गोप्य स्थानमा जानु पर्नेछ ।

(२) मतदाताले मतसङ्केतका लागि गोप्य कक्ष नजिकै रहेको छापदानीमा मत सङ्केत गर्ने स्वस्तिक चिन्ह भएको छाप चोपी मतपत्रमा जुन पदको लागि जतिजना निर्वाचित गर्नु पर्ने हो आफूले रोजेका त्यति नै जना उम्मेदवारको निर्वाचन चिन्ह भएको स्थानमा गोप्य रुपमा छाप लगाउनु पर्नेछ । त्यसरी मत सङ्केत गरेको छाप छोपिने गरी सो मतपत्र पट्याउनु पर्नेछ र पट्याउँदा मसी नलत्पतिने गरी पट्याउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदाताले मतदान गरेको मतपत्रमा उम्मेदवारको चिन्हमा मत सङ्केत गर्ने छाप लगाएको वा मतदान गरेको अन्य कुनै व्यक्तिलाई देखाउनु हुँदैन ।

(४) मतदाताले मत सङ्केत गर्ने गोप्य स्थानबाट बाहिर आई उपदफा (२) बमोजिमको मतपत्र मतपेटिका भित्र खसाल्नु पर्नेछ ।

४५. **मतदान गरेको मतदातालाई बाहिर पठाउने** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदान गरिसकेको मतदातालाई मतदान कक्षतिर फर्किन नमिल्ने गरी तुरुन्त बाहिर जाने व्यवस्था मिलाउनु पर्नेछ ।

४६. **मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिने** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मत सङ्केत गर्ने गोप्य स्थान वा मतदान कक्षमा एक पटकमा एकजना मतदातालाई मात्र प्रवेश गर्न दिनु पर्नेछ ।

तर दफा ४९ बमोजिम अशक्त मतदाताको साथमा जान अनुमति दिएको व्यक्तिलाई त्यस्तो मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य कक्षमा प्रवेश गर्न दिइनेछ ।

४७. **मतदान गर्न प्राथमिकता** : मतदान अधिकृतले गर्भवती, अशक्त, बृद्ध, बिरामी, कृयापुत्री, सुत्केरी तथा अन्य (लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक) मतदातालाई मतदान गर्ने काममा प्राथमिकता दिई मतदान गराउने व्यवस्था गर्नु पर्नेछ ।

४८. **मतदाताले नजानेको कुरा सिकाइ दिने** : कुनै मतदाताले मतदान सम्बन्धमा आफूले नजानेको कुरा सोधेमा मतदान अधिकृतले त्यस्तो कुरा सिकाउनु वा बुझाउनु पर्नेछ ।

तर कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने कुरा भन्न कुनै किसिमले सङ्केत गर्नु हुँदैन ।

४९. **अशक्त मतदातालाई सहायता गर्ने** : (१) दृष्टिविहीन वा शारीरिक रूपले अशक्तता भएका वा अरू कुनै कारणले आफैं मत सङ्केत गर्न नसक्ने भई मतदाताले आफ्नो साथमा आएको एकाघरको परिवारको सदस्यलाई आफूसँग मत सङ्केत गर्ने गोप्य कक्षमा आफूसँगै लैजाने अनुमति मागेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई मतदाताको साथमा मत सङ्केत गर्ने गोप्य कक्षमा प्रवेश गर्न अनुमति दिनु पर्नेछ ।

तर कुनै पनि उम्मेदवार वा उम्मेदवारका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिलाई त्यस्तो मतदाताको साथ लगाई मत सङ्केत गर्ने गोप्य कक्षमा जाने अनुमति दिनु हुँदैन ।

(२) कुनै मतदाताले दृष्टिविहीन वा शारीरिक अशक्तता भएको वा अरु कुनै कारणवश आफैं मत सङ्केत गर्न नसक्ने भई मत सङ्केत गर्ने काममा सहयोग पुऱ्याउन मतदान अधिकृतलाई अनुरोध गरेमा र मतदान अधिकृतलाई सो कुरा उपयुक्त लागेमा मतदान अधिकृतले त्यस्तो मतदाताको मतपत्रमा निजको इच्छा अनुसार मत सङ्केत गर्ने काममा सहयोग गर्नु पर्नेछ ।

निर्वाचन आयोग नेपाल

(३) उपदफा (२) बमोजिम दृष्टिविहिन मतदाता वा मतपत्रमा मतसङ्केत गर्न नसक्ने मतदाताको साथमा जाने व्यक्तिले मतदान अधिकृतको रोहवरमा सम्बन्धित मतदाताले भने बमोजिमको निर्वाचन चिन्हमा मत सङ्केत गर्नु पर्नेछ ।

५०. **<u>मतपत्र बाहेक अन्य पदार्थ मतपेटिकामा खसाल्न नदिने</u>** : मतदान अधिकृत, सहायक मतदान अधिकृत वा मतदान कार्यको लागि खटिएको कर्मचारीले मतदातालाई मतपेटिकामा मतपत्र बाहेक अन्य कुनै वस्तु खसाल्न दिनु हुँदैन ।

५१. **<u>मतदान केन्द्रबाट मतपत्र बाहिर लैजान वा नष्ट गर्न नदिने</u>** : मतदान अधिकृत, सहायक मतदान अधिकृत, मतदान कार्यको लागि खटिएको कर्मचारी वा सुरक्षाकर्मीले मतदान गर्न मतदातालाई उपलब्ध गराएको मतपत्र मतपेटिकामा नखसाली मतदान केन्द्रबाट बाहिर लैजान वा कुनै किसिमले नष्ट गर्न दिनु हुँदैन ।

५२. **<u>नाम ढाँटी मतदान गर्न आएमा विरोध गर्ने</u>** : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी अर्को मतदाताको नाममा मतदान गर्नको लागि मतपत्र लिन आएमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि वा सोही मतदान केन्द्रका मतदाताले एक सय रुपैयाँ नगदै धरौटी राखी मतदान अधिकृत समक्ष नियमावलीको अनुसूची-१४ बमोजिमको निवेदन दिई विरोध गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा मतदान अधिकृतले सो सम्बन्धमा आवश्यक प्रमाण बुझी निर्णय गर्नु पर्नेछ र त्यसरी पर्न आएको विरोधको छोटकरी विवरण र सोको निर्णय नियमावलीको अनुसूची-१५ बमोजिमको निर्णय किताबमा जनाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम निर्णय गर्दा विरोध ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिई सोको भर्पाइ गराउनु पर्नेछ । विरोध ठीक नठहरेमा सो धरौटी रकम जफत हुनेछ ।

(४) उपदफा (१) बमोजिमको विरोध ठीक ठहरेमा यसरी नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले निर्वाचन (कसूर तथा सजाय) ऐन, २०७३ को दफा ७ को उपदफा (३) बमोजिम तत्काल पच्चीस हजार रुपैयाँसम्म जरिबाना गरी त्यसको रसिद सम्बन्धित व्यक्तिलाई दिनु पर्नेछ ।

(५) उपदफा (४) वा दफा ३९ को उपदफा (४) बमोजिम जरिबाना गरिएको रकम सञ्चित कोषमा दाखिला गर्न निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(६) कसैले उपदफा (४) बमोजिमको जरिबाना वापतको रकम नबुझाएमा मतदान अधिकृतले निजलाई प्रचलित सङ्घीय कानून बमोजिम कैद गर्न सम्बन्धित प्रहरी कार्यालयमा बुझाइ दिनु पर्नेछ ।

५३. **<u>मतदाताले फिर्ता दिएको मतपत्रको लगत राख्ने</u>** : कुनै मतदाताले मतदान नगर्ने निश्चय गरी आफूले मतदान गर्न लिएको मतपत्र मतदान अधिकृतलाई फिर्ता दिएमा मतदान अधिकृतले

त्यस्तो मतपत्रको लगत राख्नु पर्नेछ र फिर्ता गरिएको मतपत्रमा फिर्ता गरिएको व्यहोरा जनाई छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

तर मत सङ्केत गरिसकेको मतपत्र फिर्ता दिन आएमा तत्कालै मतपेटिकाभित्र खसाली दिनु पर्नेछ ।

५४. **निविदा मतपत्र सम्बन्धी व्यवस्था** : (१) कुनै मतदाताले आफ्नो नामबाट अरु कसैले मतपत्र लिइसकेको वा मतदान गरिसकेको र आफू नै वास्तविक मतदाता हो भनी दाबी गर्न चाहेमा निजले मतदान अधिकृत समक्ष नियमावलीको अनुसूची-२८ को ढाँचामा आफ्नो परिचय खुल्ने प्रमाण संलग्न राखी निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दाबी गरेमा मतदान अधिकृतले दाबीकर्ताको दाबी बमोजिम निज वास्तविक मतदाता हो होइन भन्ने कुरा बुझ्नु पर्नेछ । दाबीकर्ताले लिखित रुपमा आफ्नो मतदाता परिचयपत्र, नागरिकताको प्रमाणपत्र वा निजको परिचय खुल्ने अन्य प्रमाण प्रस्तुत गरेमा सोको प्रतिलिपि मतदान अधिकृतले लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रस्तुत प्रमाणबाट दाबीकर्ता वास्तविक मतदाता हो भन्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा मतदान अधिकृतले सो कुरा जनाई अभिलेख राखी निर्णय गरी त्यस्तो व्यक्तिलाई निविदा मतपत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम निर्णय गरेपछि मतदान अधिकृतले नियमावलीको अनुसूची-२९ बमोजिम निविदा मतपत्रको लगतमा उल्लेख गर्नु पर्नेछ र लगतमा दावीकर्ताको सहीछाप समेत गराई मतपत्रमा मतदान अधिकृतले सही गर्ने ठाउँको बायाँतिरको खाली ठाउँमा "निविदा मतपत्र" लेखी सो मतपत्र दाबीकर्ता मतदातालाई दिनु पर्नेछ ।

(५) उपदफा (४) बमोजिमको मतपत्रमा मतदाताले मतसङ्केत गरिसकेपछि सो मतपत्र मतपेटिका भित्र नखसाली निविदा मतपत्र राख्ने छुट्टै खाममा राखी निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

५५. **मतदान केन्द्रको निरीक्षण गर्ने** : (१) मतदान अधिकृतले मतदानको अवधिमा देहाय बमोजिमका ठाउँ र कामको सम्बन्धमा निरीक्षण गर्नु पर्नेछ र त्यहाँ कुनै समस्या रहेछ भने सो समस्याको तत्काल समाधान गरी मतदान कार्य लगातार चालु राख्नु पर्नेछ :-

(क) कुनै मतदाता मत सङ्केत गर्ने गोप्य कक्षमा मत सङ्केतको छाप लगाउन आवश्यक समयभन्दा बढी समयसम्म बसे, नबसेको,

(ख) छापदानी र मत सङ्केत गर्ने स्वस्तिक छाप निर्धारित स्थानमा रहे, नरहेको,

(ग) छापदानीमा मसी भए, नभएको,

(घ) मतपेटिकामा मतपत्र खसाले, नखसालेको,

(ङ) मतपेटिका भरिए, नभरिएको,

(च) मतपेटिका सुरक्षित अवस्थामा रहे, नरहेको,

निर्वाचन आयोग, नेपाल

(छ) मतदाताको नाम रुजु गर्ने स्थानमा र मत सङ्केत गर्ने गोप्य कक्ष बाहिर मतदाताको भिड भए, नभएको,

(ज) मतदान कार्यमा कुनै बाधा भए, नभएको ।

(२) उपदफा (१) बमोजिम निरीक्षण गर्दा उम्मेदवार वा निजको प्रतिनिधिले चाहेमा परैबाट उक्त निरीक्षण कार्यको अवलोकन गर्न सक्नेछ ।

तर यसरी अवलोकन गराउँदा निजहरूलाई मत सङ्केत गर्ने गोप्य कक्षसम्म जाने गरी अनुमति दिनु हुँदैन ।

५६. **मतदान केन्द्रमा प्रवेश गर्ने मतदातालाई मतदान गर्न दिने** : मतदान अधिकृतले मतदानको लागि तोकिएको समय अपराह्न पाँच बजेभित्र मतदान केन्द्रभित्र प्रवेश गरी लामबद्ध भइसकेका मतदातालाई मतदान गर्ने समय समाप्त भए तापनि मतदान गर्न अनुमति दिनु पर्नेछ ।

तर मतदानको लागि निर्धारित समय समाप्त भएपछि कुनै पनि व्यक्तिलाई मतदान केन्द्रभित्र प्रवेश गर्न दिनु हुँदैन ।

५७. **मतदानको समय समाप्त नभएसम्म मतदानको कार्य समाप्त गर्न नहुने** : मतदान गर्नको लागि कुनै मतदाता सो मतदान केन्द्रमा उपस्थित नभए तापनि मतदान अधिकृतले मतदानको लागि निर्धारित समय समाप्त नभएसम्म मतदान केन्द्रमा मतदानको कार्य समाप्त गर्नु हुँदैन ।

५८. **मतदानको प्रगति विवरण** : (१) मतदान अधिकृतले मतदान सुरु भएको प्रत्येक दुई घण्टामा भएको कुल मतदान सङ्ख्या, मतदान केन्द्रको वस्तुस्थिति, मतदानको प्रतिशत, मतदान गर्ने महिला, पुरुष र अन्यको सङ्ख्या सहितको मतदानको प्रगति विवरण छिटो साधनद्वारा निर्वाचन अधिकृतसमक्ष पठाई आफ्नो पोलबुकमा समेत उल्लेख गरी राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रगति विवरण अनुगमन टोलीमार्फत समेत पठाउन सकिनेछ । यसरी प्राप्त प्रगति विवरणको आधारमा निर्वाचन अधिकृतले निर्वाचन आयोगमा प्रत्येक दुई घण्टामा प्रतिवेदन गर्नु पर्नेछ ।

५९. **मतदान केन्द्रमा प्रवेश गर्न अनुमति** : (१) मतदान अधिकृतले देहायका व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिनु पर्नेछ :-

(क) मतदाता,

(ख) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(घ) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्ति,

(ङ) महिला मतदाताको साथमा रहेको बढीमा पाँच वर्षको बालबालिका,

निर्वाचन आयोग, नेपाल

(च) दृष्टिविहीन वा शारीरिक रूपले अशक्त मतदाताको सहयोगको लागि साथमा आएको एकाघरको परिवारको सदस्य ।

(२) मतदान अधिकृतले कुनै व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश गर्ने अनुमति दिँदा मतदान कार्यका लागि आवश्यक पर्ने हो, होइन यकिन गरेर मात्र अनुमति प्रदान गर्नु पर्नेछ ।

(३) आयोग वा निर्वाचन अधिकृत वा मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न उपदफा (१) को खण्ड (घ) बमोजिम अनुमति दिएको व्यक्तिलाई नियमावलीको अनुसूची-२७ बमोजिमको अनुमति पत्र दिनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम मतदान केन्द्रभित्र प्रवेश गर्न अनुमति पाएका व्यक्तिले मतदान केन्द्रभित्र मोबाइल, क्यामेरा तथा फोटो खिच्ने सामग्री साथमा लैजान पाउने छैनन् ।

६०. **मतदान केन्द्रमा प्रवेश गर्न नदिने** : दफा ५९ को उपदफा (१) को खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भए तापनि मोबाइल, क्यामेरा तथा फोटो खिच्ने सामग्री वा कुनै प्रकारको हतियार साथमा लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भए तापनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिनु हुँदैन ।

६१. **मतदानको समय समाप्त हुन लागेको जानकारी गराउने :** मतदानको समय समाप्त हुनु भन्दा तीस मिनेट (अपरान्ह ४:३० बजे) अगाडि मतदान अधिकृतले मतदाताहरूले स्पष्टसँग सुन्ने गरी मतदानको समय सकिन लागेको जानकारी गराउनु पर्नेछ ।

६२. **पोलबुकमा विवरण राख्ने** : मतदान अधिकृतले पोलबुकमा मुख्य मुख्य घटनाको विवरण उल्लेख गरी निर्वाचन अधिकृतको कार्यालयमा बुझाउनु पर्नेछ ।

६३. **मतको अभिलेख राख्ने :** मतदान अधिकृतले मतदान कार्य समाप्त भइसकेपछि तथ्याङ्क फारामका आधारमा कति मत खसेको छ सोको विवरण पोलबुकमा उल्लेख गर्नु पर्नेछ ।

## परिच्छेद-९

## मतदान कार्य सम्पन्न भएपछि गर्नु पर्ने कार्य

६४. **मतपेटिकाको प्वाल बन्द गर्ने** : (१) मतदान गर्न निर्धारित समय समाप्त भई पङ्क्तिबद्ध सबै मतदाताले मतदान गरिसकेपछि मतदान अधिकृतले सो मतदान केन्द्रमा उपस्थित सबै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहबरमा मतपेटिकाको मतपत्र खसाल्ने प्वाल बन्द गरी हरियो रङ्गको सुरक्षण सिल लगाउनु पर्नेछ ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतपेटिकाको प्वाल बन्द गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४५ बमोजिमको ढाँचामा मुचुल्का गर्नु पर्नेछ । त्यस्तो मुचुल्कामा सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मतदान अधिर्कतले दस्तखत गरी राख्नु पर्नेछ ।

६५. **मतपत्रको फाँटबारी तयार गर्ने** : (१) मतदान अधिकृतले मतदानको काम समाप्त भएपछि स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४६ बमोजिम मतपत्रको फाँटवारी तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको फाँटवारी तयार गरेपछि सो फाँटवारीमा मतदान अधिकृतले दस्तखत गर्नु पर्नेछ र सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

६६. **कागजात सुरक्षित राख्ने** : (१) मतदान अधिकृतले मतदान केन्द्रमा मतदानको काम समाप्त भएपछि देहायका कागजपत्र र मतपत्रहरू छुट्टाछुट्टै खाममा बन्द गरी लाहाछाप लगाउनु पर्नेछ र सो मतदान केन्द्रमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले पनि आफ्नो लाहाछाप लगाउन चाहेमा लगाउन दिनु पर्नेछ :-

(क) मतदान अधिकृतको दस्तखत नभएका मतपत्र,
(ख) मतदान अधिकृतको दस्तखत भएका तर मतदानमा प्रयोग नभएका मतपत्र,
(ग) मतपेटिका बाहिर रहेका मतपत्र,
(घ) मतदाताले मतदान नगरी मतदान अधिकृतलाई फिर्ता दिएका मतपत्र,
(ङ) मतदाताको नाम रुजु गरी रेजा (✓) चिन्ह लगाएको मतदाता नामावली,
(च) मतपत्रका अधकट्टी,
(छ) निविदा मतपत्र,
(ज) विरोध गर्ने र विरोध भएको मतदाताको सूची,
(झ) विरोध सम्बन्धी निर्णय किताब,
(ञ) निर्वाचन आयोग वा निर्वाचन अधिकृतको निर्देशन अनुसार खाम बन्द गरी लाहाछाप लगाई राख्नु पर्ने अन्य कुनै कागजात ।

(२) मतदान अधिकृतले उपदफा (१) बमोजिमको कागजात खाम बन्द गरी सकेपछि स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४७ बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी सो स्थानमा उपस्थित उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको समेत सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिमका कागजात सिलबन्दी गर्दा मतदान गरेका महिला, पुरुष वा अन्यको तथ्याङ्क फाराम, पोल बुक र मतदान कार्यसँग सम्बन्धित मुचुल्का सिलबन्दी नगरी छुट्टै फाइलमा सुरक्षितसाथ राखी मतपेटिकासँगै निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

परिच्छेद-१०

## विशेष परिस्थितिमा मतदान स्थगित गर्ने

६७. **मतदान रोक्न सक्ने** : (१) कुनै विशेष वा असामान्य परिस्थिति उत्पन्न भई मतदान कार्य सुचारू हुन नसक्ने अवस्था आएमा मतदान अधिकृतले सूचना प्रकाशन गरी केही समयको लागि समय तोकी मतदान रोक्न आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको समयावधिभित्र पुनः मतदान कार्य सुचारू गर्न नसकिने अवस्था सिर्जना भएमा मतदान अधिकृतले सो दिनको मतदान दफा ६९ बमोजिम स्थगित गर्न सक्नेछ ।

६८. **मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा** : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सम्बन्धित निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरिएमा मतदान अधिकृतले स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४८ बमोजिम मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार, निजको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि, सहायक मतदान अधिकृत र सुरक्षा टोलीको प्रमुखको सहीछाप गराई मतदान अधिकृतले दस्तखत गरी राख्नु पर्नेछ ।

(३) मतदान अधिकृतले निर्वाचन अधिकृतलाई बुझाई सकेको मतदानको लागि प्रयोग भएको मतपेटिका कुनै किसिमले खोसिएमा, जानाजान तोडफोड गरी नोक्सान भएमा, दुर्घटनावश नोक्सान भएमा वा उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गर्नु पर्नेछ र त्यसको प्रतिवेदन आयोगमा तुरुन्त दिनु पर्नेछ ।

६९. **विशेष परिस्थितिमा मतदान स्थगित गर्न सकिने** : (१) कुनै मतदान केन्द्रमा हुलदङ्गा लगायत अन्य असामान्य परिस्थिति उत्पन्न भई, उपद्रव वा प्राकृतिक विपद् वा काबुबाहिरको कुनै परिस्थिति सिर्जना भएको कारणले मतदानको काम हुन नसक्ने कुरामा मतदान अधिकृत विश्वस्त भएमा निजले त्यस्तो मतदान केन्द्रको मतदान कार्य तत्काल स्थगित गर्न सक्नेछ र त्यसरी मतदान स्थगित भएको कारण समेत उल्लेख गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४९ बमोजिमको सूचना सोही स्थानमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५० बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि, सहायक मतदान अधिकृत र सुरक्षा टोलीको प्रमुखको सहीछाप गराई मतदान अधिकृतले सहीछाप गरी राख्नु पर्नेछ ।

(३) मतदान अधिकृतले उपदफा (१) बमोजिम मतदान स्थगित गरेको सूचना तुरुन्त निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम मतदान स्थगित भएको व्यहोराको जानकारी निर्वाचन अधिकृतले मुख्य निर्वाचन अधिकृत र आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

७०. **<u>मतदान केन्द्रको अनधिकृत कब्जा</u>** : (१) देहायको अवस्था भएमा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदातालाई मात्र मतदान गर्न दिएमा वा अन्य मतदातालाई मतदान गर्न नदिएमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि बाटो वा गौँडा छेकी रोकेमा वा मतदान केन्द्रमा वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य सञ्चालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालना गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले सञ्चालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा ।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी त्यसरी मतदान स्थगित भएको कारण समेत उल्लेख गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-४९ बमोजिमको सूचना सोही स्थानमा प्रकाशन गर्नु पर्नेछ र त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई तुरुन्त दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतदान स्थगित गरिएमा मतदान अधिकृतले मतदान स्थगित गरिएको व्यहोरा समेत खुलाई स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५० बमोजिमको मुचुल्का तयार गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले दस्तखत गरी उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराई आफूले दस्तखत गरी राख्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगको निर्देशनमा निर्वाचन अधिकृतले त्यस्तो घटनाको जाँच गर्न सक्नेछ र त्यस्तो जाँचको प्रतिवेदनको आधारमा आयोगले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ ।

निर्वाचन आयोग, नेपाल

७१. **मतदान स्थगित गर्दा विशेष ध्यान दिनु पर्ने** : (१) मतदान केन्द्रमा बलजफ्ती, हुलहुज्जत वा झैझगडा भई मतदान कार्य बिथोलिने अवस्था हुने भएमा मतदान अधिकृतले समाधानको लागि सुरक्षाकर्मीको सहयोग लिनु पर्नेछ । सुरक्षाकर्मीको सहयोग लिँदा समेत मतदान कार्य सुचारू गर्न सम्भव नभएमा मात्र मतदान कार्य स्थगित गर्नु पर्नेछ ।

(२) कुनै प्राकृतिक विपद् वा काबु बाहिरको कुनै कारणले मतदान गराउन असम्भव भएमा मतदान कार्य स्थगित गर्नु पर्नेछ । थोरै समय परेको पानी वा हावाहुरी जस्ता सामान्य कारणबाट मतदान स्थगित गर्नु हुँदैन । कुनै पनि अवस्थामा मतदान कार्य गराउन सम्भव नदेखिएमा मात्र मतदान स्थगित गर्नु पर्नेछ ।

(३) मतदान अधिकृतले मतदान स्थगित गर्दा के कारणले स्थगित गरिएको हो सोको जानकारी तत्काल निर्वाचन अधिकृतलाई गराउनु पर्नेछ । मतदान स्थगित गर्नु परेमा मतदान केन्द्रमा उपस्थित सबैको जानकारीको लागि सार्वजनिक सूचना जारी गरी निर्वाचन आयोगद्वारा तोकिएको दिन अर्को मतदान हुने कुराको समेत जानकारी गराउनु पर्नेछ ।

(४) मतदान स्थगित गरिएमा पनि मतपेटिका सिलबन्दी गरी सबै सामग्री प्रक्रियाबमोजिम बन्द गरी सुरक्षित राख्ने कार्य उम्मेदवार वा निजका प्रतिनिधिको रोहवरमा गर्नु पर्नेछ ।

७२. **पुनः मतदानको व्यवस्था** : (१) दफा ६८, ६९ र ७० बमोजिम मतदान रद्द वा स्थगित भएको अवस्थामा निर्वाचन अधिकृतले सो मतदान केन्द्रमा पुनः मतदान हुने मिति र समय तोकी नियमावलीको अनुसूची-१६ को ढाँचामा सूचना तयार गरी आफ्नो कार्यालयमा र मतदान स्थगित गरिएको मतदान केन्द्रमा प्रकाशन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः मतदान हुने मिति र समय तोक्नुभन्दा पहिले निर्वाचन अधिकृतले त्यस्तो मतदान केन्द्रमा खटाउने कर्मचारी, सुरक्षाकर्मी, मतपत्रसहितका आवश्यक मतदान सामग्रीको व्यवस्थाको लागि मुख्य निर्वाचन अधिकृतलाई लेखी पठाउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम हुने पुनः मतदानको लागि मुख्य निर्वाचन अधिकृतले मतदान अधिकृत, सहायक मतदान अधिकृत वा अन्य कर्मचारी खटाउँदा पहिले सो वडाको मतदान केन्द्रमा नखटिएको कर्मचारीलाई खटाउनु पर्नेछ ।

७३. **गिरफ्तार गर्न सकिने** : मतदान अधिकृतले दफा २३, ६८, ६९ र ७० बमोजिमको कार्य गर्ने वा गराउने व्यक्तिलाई गिरफ्तार गर्न सो ठाउँमा खटिएका सुरक्षाकर्मीलाई आदेश दिनु पर्नेछ र त्यसरी आदेश पाएको सुरक्षाकर्मीले गिरफ्तार गर्न लगाइएको व्यक्तिलाई तुरुन्त गिरफ्तार गरी आफ्नो नियन्त्रणमा राख्नु पर्नेछ ।

परिच्छेद-११

## मतदान केन्द्रबाट प्रस्थान

७४. **मतपत्र भएको मतपेटिका र साथमा रहन सक्ने व्यक्ति** : (१) मतदान कार्य समाप्त भइसकेपछि मतदान अधिकृतले सिलबन्दी गरिएको मतपेटिका र मतदान सम्बन्धी अन्य कागजात साथमा लिई यथासम्भव छिटो सुरक्षितसाथ निर्वाचन अधिकृतको कार्यालयतर्फ प्रस्थान गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतले मतदान केन्द्रबाट मतपेटिका लिएर निर्वाचन अधिकृतको कार्यालयतर्फ जाँदा उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि मतपेटिकाको सुरक्षाको लागि मतदान अधिकृतसँगै जान चाहेमा मतदान अधिकृतले सम्भव भएसम्म आफूसँग आउन दिन सक्नेछ र बास बस्नुपर्ने अवस्थामा मतपेटिका राखेको कोठा बाहिर बस्न चाहेमा बस्नको लागि अनुमति दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम जाने उम्मेदवार वा प्रतिनिधिले आफ्नो लागि सवारी साधनको व्यवस्था आफै गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम मतदान अधिकृतसँग साथमा आउने व्यक्तिलाई कुनै अवस्थामा पनि मतपेटिका समाउन वा छुन दिनु हुँदैन ।

७५. निर्वाचन अधिकृतलाई मतपेटिका र मतदान सामग्री बुझाउनु पर्ने : (१) मतदान अधिकृतले मतदान केन्द्रबाट ल्याएको मतपेटिका, प्रयोग नभएका मतपत्र र खामबन्द गरिएको सम्पूर्ण कागजात तथा अन्य निर्वाचन सामग्रीको विवरण उल्लेख गरी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५१ बमोजिमको दुई प्रति फाराम तयार गरी आफू खटिएको गाउँपालिका वा नगरपालिकाको निर्वाचन अधिकृतलाई बुझाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सामग्री प्राप्त भए पछि निर्वाचन अधिकृतले रुजु गरी त्यस्तो सामग्री बुझ्नु पर्नेछ र स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-५१ बमोजिमको फाराममा सामग्री बुझेको भरपाई गरी एक प्रति मतदान अधिकृतलाई फिर्ता दिनु पर्नेछ ।

(३) मतपेटिका ल्याउँदा बाटोमा मतपेटिकाको सुरक्षणसिल चुँडिएको देखिएमा मतदान अधिकृतले त्यसको प्रतिवेदन निर्वाचन अधिकृतलाई दिनु पर्नेछ र निर्वाचन अधिकृतले पनि मतदान अधिकृतसँगै आएको उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिबाट समेत सो कुराको जानकारी वा प्रतिवेदन लिन सक्नेछ ।

७६. **मतपेटिका बन्द गरेको बिर्कोको सुरक्षणसिल चुँडिएमा** : दफा ७५ को उपदफा (३) बमोजिमको प्रतिवेदन वा जानकारीबाट कसैले चुँडाएको प्रमाणित भएमा वा आशङ्का लागेमा निर्वाचन अधिकृतले सो कुराको प्रतिवेदन तुरुन्त आयोगमा दिनु पर्नेछ र त्यस्तो अवस्थामा आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

निर्वाचन आयोग, नेपाल

परिच्छेद-१२

## विविध

७७. **मतदान अधिकृतको अशक्ततामा काम गर्ने** : (१) मतदान केन्द्रमा मतदान अधिकृत कुनै कारणबाट अशक्त भई मतदान कार्य सुचारू रूपले सञ्चालन गर्न असमर्थ रहेको अवस्थामा सहायक मतदान अधिकृतले सो कुराको जानकारी निर्वाचन अधिकृतलाई दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवस्थामा मतदान केन्द्रमा खटिएका सहायक मतदान अधिकृत, सहायक कर्मचारी, उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको रोहवरमा निज मतदान अधिकृत अशक्त भई काम गर्न नसकेको हो भनी स्थानीय तह निर्वाचन निर्देशिका, २०७८ को अनुसूची-६९ बमोजिमको ढाँचामा मुचुल्का गराई सो मुचुल्कामा सहायक मतदान अधिकृत, सहायक कर्मचारी र उम्मेदवार वा उम्मेदवारको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मुचुल्का गराएपछि सहायक मतदान अधिकृतले मतदान अधिकृतलाई भए सरहको अधिकार प्रयोग गरी मतदान कार्य सञ्चालन गर्नु गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम कार्य गर्दा मतदान अधिकृतले मतपत्रमा दस्तखत गरी सकेको अवस्थामा सो मतपत्र मतदातालाई वितरण गरिसकेपछि मात्र अन्य मतपत्रमा आफूले दस्तखत गर्नु पर्नेछ । यसरी दस्तखत गर्दा उपदफा (२) बमोजिमको मुचुल्कामा गरेको नमुना बमोजिमको दस्तखत गर्नु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको मुचुल्का र उपदफा (४) बमोजिमको दस्तखतको नमुना फाराम मतदान कार्य सम्पन्न भई निर्वाचन अधिकृतको कार्यालयमा मतपेटिका बुझाउँदा छुट्टै बुझाउनु पर्नेछ ।

७८. **निर्वाचन सम्बन्धी कानूनको जानकारी राख्नु पर्ने** : मतदान अधिकृतले निर्वाचन सम्बन्धी ऐन, नियम, निर्देशिका वा आयोगले समय समयमा जारी गरेका आदेश तथा निर्देशनको समेत जानकारी राख्नु पर्नेछ ।

७९. **निर्वाचन आचारसंहिता पालना गर्न लगाउने** : मतदान अधिकृतले निर्वाचन आचार संहिताको बारेमा जानकारी लिई उल्लिखित आचारसंहिता पालना भए नभएको विषयमा बुझी आचार संहिता पालना गर्न लगाउनु पर्नेछ ।

८०. **मतदान कार्यको पर्यवेक्षण गर्न दिने** : मतदान अधिकृतले निर्वाचन आयोगबाट निर्वाचन पर्यवेक्षणका लागि अनुमति पाएका निर्वाचन पर्यवेक्षकलाई मतदान केन्द्रको पर्यवेक्षण गर्न दिनु पर्नेछ ।

तर पर्यवेक्षकहरूलाई मत सङ्केत गर्ने स्थान तथा मतपेटिका रहेका ठाउँमा जान दिनु हुँदैन ।

८१. **मतदाताको दायित्व** : निर्वाचनमा मतदान गर्ने मतदाताले देहायको दायित्व पूरा गर्नु पर्नेछ :-

(क) मतदान गर्न जाँदा आफ्नो मतदाता परिचयपत्र लिएर जाने,

(ख) मतपत्रमा मतदान अधिकृतको सही भए नभएको यकिन गरी मतपत्र लिने,

(ग) मतदान गर्दा सही ढङ्गबाट मतदान गर्ने,

(घ) मतदान केन्द्रमा होहल्ला नगर्ने,

(ङ) मतदान केन्द्रमा मतदानको लागि आउने अशक्त, वृद्ध, सुत्केरीलाई आवश्यक सहयोग गर्ने,

(च) मतदान गर्न जाँदा मोबाइल, क्यामेरा तथा फोटो खिच्ने कुनै उपकरण वा सामग्री साथमा लिएर नजाने,

(छ) मतदान केन्द्रमा जाँदा मास्क लगाएर जाने,

(ज) मतदान गर्न जानु अघि साबुन पानीले हात धोएर जाने,

(झ) शान्तिपूर्ण रुपमा मतदान कार्य सम्पन्न गर्नका लागि आवश्यक सहयोग गर्ने ।

८२. **उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि उपस्थित नभएमा :** (१) निर्वाचन सम्बन्धी कुनै कार्यमा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि नियुक्त नभएमा वा कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि उपस्थित हुनु पर्नेमा निज उपस्थित नभएमा सोही कारणले मात्र मतदान वा सोसँग सम्बन्धित काम कारबाही गर्न कुनै बाधा पर्ने छैन ।

(२) उपदफा (१) बमोजिम उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएको अवस्थामा सम्बन्धित निर्वाचन अधिकृत वा मतदान अधिकृतले सम्बन्धित मुचुल्कामा सोही व्यहोराको कैफियत खुलाई सो स्थानमा रहेका कर्मचारी र उपलब्ध भएसम्म दुई जना अन्य व्यक्तिको सहीछाप गराई आफूले प्रमाणित गरी राख्नु पर्नेछ ।

८३. **मद्दत लिन सकिने :** (१) मतदान अधिकृतले निर्वाचनको कामको सिलसिलामा स्थानीय तहमा रहेका सरकारी कार्यालय तथा सुरक्षा निकायको मद्दत लिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको मद्दत गर्नु सम्बन्धित सरकारी कार्यालय तथा सुरक्षा निकायको कर्तव्य हुनेछ ।

८४. **खारेजी :**स्थानीय तह निर्वाचन (मतदान) निर्देशिका, २०७४ खारेज गरिएको छ ।

निर्वाचन आयोग, नेपाल